ओमसतिया गाउँपालिका
Omsatiya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हाटी फर्सातिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi
५ नम्बर प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या :-/Ref. No.: ०७८/०७९

चलानी नं. :-/Dispatch No.: १६६

मितिः २०७८/०४/२५

विषयः जानकारी सम्वन्धमा ।

श्री सहकारी संस्था सबै,
ओमसतिया गाउँपालिका, रुपन्देही ।

प्रस्तुत विषयमा ओमसतिया गाउँपालिकाको सहकारी संस्था नवीकरण तथा लेखापरिक्षक नियुक्तिको जानकारी पठाउने सम्वन्धी सूचना ओमसतिया गाउँपालिकाको वेभसाइट **www.omsatiyamun.gov.np** मा प्रकाशित गरिएको छ । सूचना सम्वन्धी विस्तृत विवरण वेभसाइट बाटै अवगत गरी सोहीअनुसार गर्नुहुन अनुरोध छ ।

०७८/०४/२८

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# ओमसतिया गाउँपालिकाको

# सहकारी संस्था नवीकरण गर्ने सम्वन्धी सुचना

ओमसतिया गाउँपालिकाको "**सहकारी नियमावली २०७७ को दफा ७**" मा ओमसतिया कार्यक्षेत्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुले हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ९० दिनभित्र ओमसतिया गाउँपालिकाको कार्यालयमा दर्ता नवीकरण गराउनुपर्ने भन्ने व्यवस्था रहेको हुदाँ ~~नवीकरण~~ ओमसतिया गाउँपालिका कार्यक्षेत्र रहेका सबै सहकारीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै समयमा नवीकरण नगर्ने सहकारी संस्थाहरुलाई सोही नियमावलीको दफा ७ को उपदफा ४(क) वमोजिम जरिवाना तथा विलम्ब शुल्क लाग्नेछ ।

**नवीकरणका लागि संलग्न गनुपर्ने आवश्यक कागजातहरु:**

१.संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

२.करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

३.लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि,

४.अघिल्लो आ.ब को साधारण सभाको निर्णय तथा प्रतिवेदनको प्रतिलिपि,

५. संस्थाको आधिकारिक निवेदन,

६. राजश्व तिरेको नगदी रसिद ।

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

नियुक्तिको जानकारी दिने पत्रको ढाँचा

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

मिति : २०.../.../...

**विषय : लेखापरीक्षक नियुक्तिको जानकारी ।**

श्री ... ... ... ज्यू !

... ... ...।

यस संस्था / सङ्घ / बैङ्कको आर्थिक वर्ष २०.../... को लेखापरीक्षण गर्न मिति २०.../.../... मा ... ... .... स्थित श्री ... ... ... ... ... लाई लेखापरीक्षकमा नियुक्त गरिएको बेहोरा जानकारी गराएको छु । नियुक्तिसँग सम्बन्धित तपसिलबमोजिमका कागजात यसै पत्रसाथ संलग्न छन् ।

भवदीय,

दस्तखत :

नाम :

पद :

<u>तपसिल</u>

- ☐ विगत तीन वर्षमा नियुक्त लेखापरीक्षकहरूको नाम,ठेगाना,
- ☐ नियुक्ति तथा पारिश्रमिकका सम्बन्धमा साधारण सभाको निर्णयको प्रतिलिपि,
- ☐ लेखापरीक्षकको लेखापरीक्षण इजाजत-पत्रको प्रतिलिपि,
- ☐ लेखापरीक्षकको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
- ☐ लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षकमा नियुक्तिका लागि अयोग्य नभएको बेहोराको लिखित जानकारीको प्रतिलिपि ।

**द्रष्टव्य** : १. लेखापरीक्षकको कार्यक्षेत्रगत सर्त ☐ संलग्न छ ☐ सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

२.वैकल्पिक लेखापरीक्षक नियुक्ति गरिएको भए सोको कारण : ........................................................

.............................................................................................................................

# ओमसतिया गाउँपालिकाको

## सहकारी संस्थाहरुले लेखापरिक्षक नियुक्तिको जानकारी पठाउने सम्वन्धी सूचना

सहकारी संस्थाको **लेखापरिक्षण निर्देशिका २०७५ को दफा ३ को उपदफा (१)** वा प्रादेशिक वा स्थानीयकानुनको व्यवस्था वमोजिम तोकिएको समयभित्र लेखापरिक्षण सम्पन्न गराउने गरी लेखापरिक्षक नियुक्त गरी अनुसूची १ को ढाँचामा सोको जानकारी **३ दिनभित्र** नियामक निकायमा पठाउनुपर्ने व्यवस्था रहेको छ । सोही व्यवस्था वमोजिम ओमसतिया कार्यक्षेत्र रहेका सबै सहकारी संस्थाहरुले आ.ब.२०७७/७८ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षको नियुक्ति गरी सोको जानकारी यस कार्यालयमा पठाउनुहुन अनुरोध छ। साथै जानकारीका साथमा निम्न कागजातहरु संलग्न गर्नुपर्नेछ।

१. विगत तीन वर्षमा नियुक्त लेखापरिक्षकहरुको नाम, ठेगाना,
२. नियुक्ति तथा पारिश्रमिकका सम्वन्धमा साधारण सभाको निर्णयको प्रतिलिपि,
३. लेखापरिक्षकको लेखापरिक्षण इजाजत पत्रको प्रतिलिपि,
४. लेखापरिक्षकको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
५. लेखापरिक्षकबाट प्राप्त लेखापरिक्षकमा नियुक्तिका लागि अयोग्य नभएको व्यहोराको लिखित जानकारीको प्रतिलिपि।

/२८

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत